जसले अज़ान सुनेपछि भन्छ : اللَّهُمَّ رَبَّ هَذِهِ الدَّعْوَةِ التَّامَّةِ، وَالصَّلاَةِ القَائِمَةِ، آتِ مُحَمَّدًا الوَسِيلَةَ وَالفَضِيلَةَ، وَابْعَثْهُ مَقَامًا مَحْمُودًا الَّذِي وَعَدْتَهُ (हे अल्लाह ! यस सम्पूर्ण आह्वान र स्थिर प्रार्थनाका मालिक , रसूल अलैहि व सल्लम) लाई वसीला (जन्नतमा सबै भन्दा ऊँच्च स्थान) र श्रेष्ठतम दर्जा प्रदान गर्नुहोस् र उहाँलाई त्यो प्रशंसनीय स्थान दिनुहोस् जुन तपाईंले उहाँलाई वाचा गर्नुभएको हो)। "कयामतको दिन उसको लागि मेरो सिफारिश अनिवार्य हुनेछ।

जाबिर बिन अब्दुल्लाह (रजियल्लाहु अन्हुमा) ले बयान गरेका छन् , रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भयो : जसले अज़ान सुनेपछि भन्छ : اللَّهُمَّ رَبَّ هَذِهِ الدَّعْوَةِ التَّامَّةِ، وَالصَّلاَةِ القَائِمَةِ، آتِ مُحَمَّدًا الوَسِيلَةَ وَالفَضِيلَةَ، وَابْعَثْهُ مَقَامًا مَحْمُودًا الَّذِي وَعَدْتَهُ (हे अल्लाह ! यस सम्पूर्ण आह्वान र स्थिर प्रार्थनाका मालिक , रसूल अलैहि व सल्लम) लाई वसीला (जन्नतमा सबै भन्दा ऊँच्च स्थान) र श्रेष्ठतम दर्जा प्रदान गर्नुहोस् र उहाँलाई त्यो प्रशंसनीय स्थान दिनुहोस् जुन तपाईंले उहाँलाई वाचा गर्नुभएको हो)। "कयामतको दिन उसको लागि मेरो सिफारिश अनिवार्य हुनेछ। "

[सही] [बुखारीले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले स्पष्ट रूपमा बताउँछन् , जसले अज़ानको समाप्ति पछि यो शब्द उच्चारण गर्छ : "(اللّهُمَّ رَبَّ هَذِهِ الدَّعْوَةِ) हे अल्लाह ! यो आह्वानका पालनकर्ता ! (التَّامَّةِ) यो पूर्ण र सम्पूर्ण आह्वान , जसले तौहीद (एकेश्वरवाद) र नबीीको सन्देशलाई प्रकट गर्छ। साथै , यो स्थायी नमाज (وَالصَّلاَةِ القَائِمَةِ) जसको स्थापना गरिनेछ। (مُحَمَّدًا الوَسِيلَةَ) तपाईं मुहम्मदलाई वसीला प्रदान गर्नुहोस् , जुन स्थान केवल उहाँलाई मात्र शोभा दिन्छ। उहाँलाई (وَالفَضِيلَةَ) फजीलत प्रदान गर्नुहोस्। उहाँलाई त्यो (مَقَامًا مَحْمُودًا) महिमित स्थान प्रदान गर्नुहोस् , जुन दिन कियामतमा सबैले प्रशंसा गर्नेछन्। यो स्थान तपाईंले उहाँलाई आफ्नो वचनअनुसार प्रदान गर्नु हुनेछ : {आशा छ, तपाईंको पालनकर्ताले उहाँलाई प्रशंसित स्थानमा पठाउनुहुनेछ }।" जसले यो दुआ पढ्छ , कियामतको दिन नबी (सल्लल्लाहु अलैहि वसल्लम) को सिफारिस पाउन निश्चित हुन्छ।

http://www.sunnah.global/hadeeth/ne/show/10635